म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ११० बिहीबार १४ मंसिर २०८० ने. सं. ११४४ कछलाथ्व 30 November 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लागूऔषध ओसारपसारको आरोपमा दुईजना पक्राउ

हेटौंडा, १३ मंसिर/लागूऔषधसहित हेटौंडाबाट मकवानपुर प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । प्रहरीले हेटौंडा उपमहानगर पालिका-३ लेवटबाट मंगलबार लागूऔषधसहित दुईजनालाई पक्राउ गरेको हो । प्रहरीले चितवन रत्ननगर नगरपालिका-१२ बस्ने ३० वर्षीय महेश महतो र सोही स्थानका ३३ वर्षीय अजय लामालाई पक्राउ गरेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । उनीहरुलाई लागूऔषध कोरेक्स-३ बोतल र नाईट्राभेट-४५६ ट्याब्लेटसहित प्रहरीचौकी बसामाडीबाट खटिएको टोलीले पक्राउ गरेको हो । हेटौंडाबाट चितवन जादै गरेको ना ८ प ५४६७ नम्बरको मोटरसाइकलमा सवार महतो र लामालाई यो परिमाणको लागूऔषध बरामद भएपछि निजलाई पक्राउ गरिएको हो । पक्राउ परेका दुबै जनामाथि प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रकृया अगाडि बढाइएको जनाइएको छ ।

# १०० दिनमा बागमतीका उद्योगमन्त्रीको २४ बुँदे प्रगति दाबी

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/४ भदौ २०८० बाट बागमती प्रदेशको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको जिम्मेवारी सम्हालेका मन्त्री रामकृष्ण चित्रकारले आफ्नो सय दिन पूरा गरेका छन् ।

लामोसमय बिनाविभागीय मन्त्री रहेर उद्योग मन्त्रालयको कार्यभार सम्हालेको चित्रकारले बुधवार उद्योग, वाणिज्य, भूमि तथा प्रशासन क्षेत्रमा गरेको काम र उपलब्धि सार्वजनिक गरेका हुन् । चित्रकार मन्त्रालयको जिम्मेवारी सम्हालेपछि प्रदेशको उद्योग प्रशासन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्ने 'प्रदेश औद्योगिक व्यवसाय ऐन' तथा 'प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन' को समयानुकूल संशोधन गर्न आवश्यक प्रक्रिया सुरु गरिएको बताए ।

उपभोक्ता हितसंरक्षण र बजार अनुगमन सम्बन्धमा साविकमा रहेको प्रदेशस्तरीय संयुक्त बजार अनुगमन निर्देशिका २०७५ लाई विस्थापन गरी 'प्रदेशस्तरीय संयुक्त बजार व्यवस्थापन अनुगमन निर्देशिका, २०८०' मन्त्रिपरिषदबाट स्वीकृतिको अन्तिम चरणमा रहेको मन्त्री चित्रकारले बताए । काठमाडौं उपत्यकालगायत सम्भाव्य स्थानमा हस्तकलाग्राम निर्माण गरी काष्ठकला, प्रस्तरकला जस्ता मौलिक पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा स्थापित गर्ने उद्देश्यका साथ 'प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०' प्रदेशसभामा दर्ता गरिएको मन्त्री चित्रकारले जानकारी दिए ।

उद्यमी व्यवसायीलाई प्रोत्साहन गरी लगानीमैत्री वातावरण तयार गरी निर्यातजन्य उत्पादन अभिवृद्धि गरी उनीहरुको सीप संरक्षण गरी ५० प्रतिशतको लागत साझेदारीमा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गर्न चालु आर्थिक वर्ष २०८०/८१ का लागि विनियोजित कार्यक्रमको कार्यान्वयन सम्बन्धित जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय र उद्योग वाणिज्य तथा उपभोक्ता हितसंरक्षण निर्देशनालयबाट कार्यान्वयन प्रारम्भ गरिएको उनले बताए । बडादसैं, दीपावली तथा अन्य पर्वको अवसरमा साल्ट ट्रेडिङ कर्पोरेसनसँगको सहकार्यमा प्रदेशभित्रका २४ स्थानमा चाडपर्व लक्षित सुपथ मूल्य पसलहरु सञ्चालन गरिनुलाई पनि उनले उपलब्धि मानेका छन् ।



यस्तै, 'स्वदेशी उत्पादन अभियान: उद्यमीको सम्मान' भन्ने नाराका साथ नवौं उद्योग दिवसको अवसरमा प्रदेश भित्रका १३ वटै घरेलु कार्यालय तथा निर्देशनालयको आयोजनामा सरोकारवालासँगको अन्तरक्रिया, छलफल तथा गोष्ठी कार्यक्रम सञ्चालन गरिएको उनले बताए । चालु आर्थिक वर्ष २०८०/८१ मा यस मन्त्रालय मातहतका निर्देशनालय, १३ वटै जिल्लाका घरेलु तथा साना उद्योग कार्यालयबाट हालसम्म करिब २३४० औद्योगिक तथा व्यापारिक फर्म दर्ता भएको मन्त्री चित्रकारले जानकारी दिए ।

प्रदेशको उद्योग तथा लगानी प्रवर्द्धनन समितिको बैठकले अनुसूची-१ बमोजिमको सहमति लिनुपर्ने ९ वटा उद्योगलाई सहमति दिइएको उनले बताए । मन्त्रालयले प्रदेश भित्रका विभिन्न जिल्ला कार्यक्षेत्र भएका र प्रचलित वातावरणीय कानुनले आईई स्वीकृत गर्नुपर्ने भनी तोकेका ११ वटा उद्योगको प्रारम्भिक वातावरणीय अध्ययनको प्रतिवेदनलाई स्वीकृति प्रदान गरिएको छ । जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयको भौतिक पूर्वाधार, मानव संशाधन, योजना कार्यक्रम कार्यान्वयन लगायतका सम्पूर्ण अवस्थाको बारेमा यथार्थ जानकारी लिने क्रममा सिन्धुली, धादिङ, ललितपुर, भक्तपुर, चितवन र मकवानपुरका घरेलु तथा साना उद्योग कार्यालयको स्थलगत निरीक्षण गरिएको जनाइएको छ ।

चित्रकारले आफ्नो नेतृत्वमा सञ्चालनमा नआएको उद्योगलाई पुनउपयोग गर्न छलफल गरिरहेको दाबी गरेका छन् । बागमती प्रदेशमा उद्योग स्थापनाको लागि लगानी गर्न ईच्छुक दक्षिण कोरिया, चीन तथा जापानका व्यवसायीको टोलीसँग भेट गरी लगानीको लागि प्रेरित गरिएको, पाकिस्तानका उद्यमीलाई भ्रमणका लागि निमन्त्रणा पठाइएको उनले बताए ।

बागमती प्रदेशलाई औद्योगिक प्रदेशको रुपमा रुपान्तरण गर्न सहयोगको लागि अनुरोध गर्न सम्माननीय राष्ट्रपति, नेपाल सरकारका, अर्थमन्त्री, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीलगायतसँग भेट गरी सहयोगको लागि अनुरोध गरिएकोलाई पनि उनले उपलब्धीमा राखेका छन् । मन्त्री चित्रकारले हेटौंडा कपडा उद्योग, हेटौंडा सिमेन्ट उद्योग, रिद्धिसिद्धि सिमेन्ट उद्योग, निक ट्रान्सफर्मरलगायतका उद्योगको स्थलगत भ्रमण गरी उद्योगको हालको अवस्था अध्ययन गरिएको बताए । प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ७ को उपदफा (१) बमोजिम मन्त्रालयले गर्नुपर्ने संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी मन्त्रालय र मातहतका संगठनको संगठनात्मकस्वरुप र दरवन्दी तेरिज मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गरिएको पनि उनले बताए ।

प्रदेशभित्र सञ्चालन हुने उद्योग, व्यापारलगायत अन्य यस्तै प्रकृतिका मेला, महोत्सवको प्रवर्द्धन गर्नका लागि 'मेला, महोत्सव, प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०' मन्त्रिपरिषदबाट स्वीकृत गराइएको मन्त्री चित्रकारले जनाए । संविधान दिवसको अवसरमा हेटौंडामा प्रदेश हस्तकला प्रदर्शनी आयोजना गरिनुका साथै अन्य धेरै स्थानमा हस्तकला मेला महोत्सवमा सक्रिय सहभागिता जनाइएको उनले जानकारी दिए । मन्त्री चित्रकारले विद्यमान नीतिगत एवम् कानुनी व्यवस्थाका सम्बन्धमा सरोकार वालाको राय, परामर्श, सुझाव ग्रहण गर्ने कार्यलाई तिव्रता दिइनुका साथै घरेलु तथा साना उद्योग कार्यालय धादिङ र ललितपुरको आयोजनामा सञ्चालित सरोकारवालासँग अन्तरक्रिया कार्यक्रममा सहभागी भई भुँई तहदेखिका उद्योगी, व्यवसायीका पिरमर्का, गुनासो सुन्ने कार्य भएको बताए ।

निर्माण सम्पन्न भई सञ्चालनको चरणमा रहेका कोशेली घरलाई स्थानीय तह तथा सरोकार वालालाई हस्तान्तरण गरी व्यवस्थित रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न 'भौतिक संरचना हस्तान्तरण सम्बन्धी कार्यविधि' तयार गरी सहमतिको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाइएको बताइएको छ । साथै उपभोक्ता हकहित संरक्षण सम्बन्धी कानुनको मस्यौदा तयार गर्ने प्रक्रिया सुरु गरिएको छ ।

उद्योग प्रशासनलाई सेवाग्राही र प्रविधिमैत्री बनाउने र उद्योग तथा व्यवसायको स्थापना सञ्चालन र बहिर्गमन सम्बन्धी सेवालाई थप सरल र प्रविधिमैत्री बनाउने हेतुले साविकको मन्त्रालयबाट निर्मित उद्योग व्यवसाय र व्यापार व्यवसायसम्बन्धी अनलाइन सफ्टवेयर लाई समयसापेक्ष अपग्रेड गरी तत्काल घरबाटै सेवाग्राहीले सेवा प्राप्त गर्न सकिने र मन्त्रालयले सो बारे अनुगमन गर्न सकिने बनाउन योजना बनाइएको र सो को कार्यान्वयन गर्न सम्बन्धित पक्षलाई छलफलका लागि बोलाइएको मन्त्री चित्रकारले बताए ।

उपभोग्य वस्तुको गुणस्तर कायम गर्न बजार अनुगमनको कार्यलाई नियमित तथा प्रभावकारी बनाइनुका साथै चाडपर्वको समयमा आकस्मिक तथा अन्य समयमा नियमित रुपमा गरी १५१३ वटा व्यापारिक फर्मको अनुगमन गरिएको र जसबाट करिब ६ लाख रुपैयाँ बराबर जरिवाना तथा ४ लाख रुपैयाँ बराबरका म्याद नाघेका सामग्रीहरु नष्ट गरिएको मन्त्री चित्रकारले बताए ।

**चालु आव ८०/८१ मा योजना के छ ?**

उद्योगमन्त्री चित्रकारले चालु आर्थिक वर्षमा प्रदेश औद्योगिक नीति, वाणिज्य नीति, खानी अन्वेषण र व्यवस्थापनसम्बन्धी नीति, मानव संशाधन विकास नीति, भूमि व्यवस्थापन नीति, गुठी व्यवस्थापन तथा संरक्षण लगायतका नीतिहरु तर्जुमा गरिने जनाएका छन् ।

प्रदेश लगानी बोर्ड स्थापना, भूमि बैंक स्थापना लगायत कार्य अगाडि बढाउन कानून निर्माण गरिने उल्लेख गरिएको छ । मन्त्रालयले मन्त्रालयगत ऐनहरु कार्यान्वयन गर्न आवश्यक नियमावली, निर्देशिका र कार्यविधि यथाशीघ्र तर्जुमा गरिने जनाइएको छ ।

## आजदेखि थाहा महोत्सव




आज १४ मंसिर बिहीवारबाट सुरु हुने चौथो थाहा महोत्सवका लागि तयार पारिएको संरचना । थाहा नगर पालिकाको ईन्द्रायणी चौरमा हुने महोत्सवको तयारी सकिएको आयोजक थाहानगर उद्योग वाणिज्य संघका महासचिव जर्म श्रेष्ठले जानकारी दिए । महोत्सव संघको मुख्य आयोजना तथा थाहा नगरपालिकाको आयोजना र ईन्द्रायणी कालाभैरव गुठीको सहआयोजनामा हुने भएको हो । मंसिर २६ गतेसम्म १२ दिन सञ्चालन हुने महोत्सवको उद्‌घाटन बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकटेलले गर्ने भएका छन् । उद्‌घाटन समारोहमा प्याराग्लाइडिङबाट पुष्पदृष्टि गर्ने कार्यक्रम रहेको श्रेष्ठले जानकारी दिए । कुल २५० ओटा व्यापारी स्टल रहने महोत्सवमा कृषिउपज, घरेलु हस्तकला, स्थानीय उत्पादन, कुलेखानीको माछा, नेवारी परिकार बिक्री तथा प्रदर्शनी, सूचना प्रविधिसम्बन्धी जानकारी, दैनिक उपभोग्यलगायत सामग्री राखिने भएको छ । महोत्सव स्थल नजिकै मिनि तालमा डुंगा सयरको पनि व्यवस्था मिलाइएको छ । महोत्सवमा थाहा आइडलसँगै कलाकारहरुको प्रस्तुतीसमेत रहनेछ । तस्बिर: *साझाकुरा* ।

## बोर्ड राख्दै मकवानपुरगढी जेसीजको सप्ताह सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ मकवानपुरगढी जेसीज (प्रस्तावित) ले बुधबारबाट सप्ताहव्यापी कार्यक्रम सुरु गरेको छ । जेसीजले ४ दिनसम्म ७ वटा कार्यक्रम गरी जेसीज सप्ताह मनाउने भएको हो ।

जेसीज सप्ताहको पहिलो दिन बुधबार मकवानपुरगढीको जीतपुर भञ्ज्याङमा स्वागत बोर्ड स्थापना गरेको हो । ज्वालादेवी आधारभूत विद्यालयमा खेलकुद सामग्री वितरण गरिएको मूल कार्यक्रम संयोजक कार्यकारिणी उपाध्यक्ष विजय पुडासैनी जानकारी दिए । विहीबार जाल्पादेवी मावि मकवानपुरगढी-६ मा साइबर सुरक्षासम्बन्धी सचेतनामूलक कार्यक्रम, हेमकर्ण मावि मकवानपुरगढी-२ मा शैक्षिक सामग्री वितरण तथा जनता मावि मकवानपुरगढी-६ मा लागूऔषध दुर्व्यसन सम्बन्धी सचेतना कार्यक्रम आयोजना गरिने पुडासैनीले बताए ।

जेसीज सप्ताहअन्तरगत शुक्रबार रानीशेरा मावि मकवानपुर गढी-१ मा साइबर सुरक्षासम्बन्धी सचेतनामूलक कार्यक्रम गरिने भएको छ । अन्तिम दिन शनिबार मकवानपुरगढी क्षेत्रमा वनभोज कार्यक्रम सहित जेसीज सप्ताहको समापन हुने जेसीज अध्यक्ष पुष्पराज पुडासैनीले जानकारी दिए । आगामी दिनमा पनि युवाको नेतृत्व र व्यक्तित्व विकाससँगै सामाजिक कार्यलाई निरन्तरता दिने उनको भनाई छ ।

## एसियाली बुद्धिचाल प्रतियोगिता सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ मकवानपुरको हेटौंडामा आजबाट अन्तर्राष्ट्रिय एसियाली बुद्धिचाल प्रतियोगिता सुरु भएको छ । प्रतियोगिता मकवानपुर जिल्ला बुद्धिचाल संघको आयोजनामा भएको हो ।

बुधवार बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारीले प्रतियोगिताको उद्‌घाटन गरेका छन् । आगामी मंसिर १७ गतेसम्म संचालन हुने प्रतियोगितामा ४ देशका ८५ खेलाडीले सहभागिता जनाएका छन् । प्रतियोगितामा भारतका ५४, नेपालका २४, बंगलादेशका ६ र श्रीलंकाका एक खेलाडी सहभागी छन् । उद्‌घाटन कार्यक्रम मकवानपुर जिल्ला बुद्धिचाल संघका अध्यक्ष मनोज श्रेष्ठको सभाध्यक्षतामा भएको हो ।

कार्यक्रममा संघका केन्द्रीय महासचिव धरम लामा, उपमहासचिव मोनालिसा खम्बु, प्रदेश अध्यक्ष केशवलाल श्रेष्ठ र जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष वेश खड्कीलगायतको सहभागिता रहेको थियो ।

प्रतियोगिताको विजेताले एक लाख २५ हजार रुपैयाँ प्राप्त गर्दा दोस्रो स्थानमा रहने खेलाडीले ७५ हजार र तेस्रो स्थानका खेलाडीले ४० हजार रुपैयाँ हात पार्नेछन् । यसैगरी प्रतियोगितामा चौथो हुनेले २५ हजार रुपैयाँ र पाँचौं हुने खेलाडीले २० हजार रुपैयाँ जित्नेछन् ।

यस्तै छैठौंदेखि दशौं स्थानसम्मका प्रत्येक प्रतियोगिले नगद १५ हजार, एघारौंदेखि १५ औंसम्मले ११ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन् ।

प्रतियोगितामा उत्कृष्ट महिला, उत्कृष्ट भेट्रान्स, उत्कृष्ट जुनियर, उत्कृष्ट स्थानीय लगायत विभिन्न विधामा ३८ जनाले नगदसहित पुरस्कार प्राप्त गर्ने आयोजकले जनाएको छ ।

## एन्फा मकवानपुरले जित्यो च्यालेन्ज कप

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/एन्फा मकवानपुले पिप्लेक्याम्पा रंगशालामा जारी हेटौंडा च्यालेन्ज कपको युथ-२१ फुटबल प्रतियोगिताको उपाधि जितेको छ ।

बुधबार भएको फाइनल खेलमा मकवानपुरले रियलस्टार क्लबलाई ४-० गोलअन्तरले पराजित गर्दै उपाधि रक्षा गरेको हो । पहिलो हाफमा एक गोल गरेको एन्फा मकवानपुरले दोस्रो हाफमा तीन गोल थपेको थियो । १४ वटा क्लवको सहभागिता रहेको प्रतियोगिताको विजेता एन्फा मकवानपुरले एकलाख ११ हजार ११ रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्राप्त गरेको छ । उपविजेता बनेको रियलस्टारले ५५ हजार ५ सय ५५ रुपैयाँ हात पारेको छ । फाइनल खेलको म्यान अफ द म्याच एन्फा मकवानपुरका अनिष महर्जन भए ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी विजेता टिम एन्फा मकवानपुरका मोहित गुरुङ, उत्कृष्ट गोलरक्षक कृषल मोक्तान,




मिडफिल्डर रितेश श्रेष्ठ र फरवार्ड प्रितम स्याङ्बो र उत्कृष्ट प्रशिक्षक विजयलाल श्रेष्ठ घोषित हुँदा उत्कृष्ट डिफेण्डर रियल स्टारका उर्गेन रुम्बा चुनिए । सर्वोत्कृष्ट खेलाडीले १० तथा अन्य विधागत उत्कृष्ट खेलाडी र प्रशिक्षकले जनही नगद ५/५ हजार रुपैयाँसहित ट्रफी प्राप्त गरे ।

आयोजक एफसी मुण्डियालका अध्यक्ष सुविन घिमिरेको अध्यक्षतामा भएको समापन कार्यक्रममा हेटौंडा उपमहानगर पालिका मेयर मीनाकुमारी लामाको प्रमुख आतिथ्यता रहेको थियो । प्रतियोगिता समापन समारोहमा मकवानपुर जिल्ला खेलकुद विकास समिति अध्यक्ष भेष खड्की, अखिल नेपाल फुटबल संघ (एन्फा) केन्द्रीय सदस्य टीकाराम लामालगायतले आफ्नो धारणा राखेका थिए । आयोजक एफसी मुण्डियालका अध्यक्ष सुविन घिमिरेलगायतले पुरस्कार वितरण गरेका थिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत



☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकिटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# कमजोर सरकारको परिणाम

कुनैपनि देशको सरकारले आफ्नो देशमा उत्पादन भएको बस्तु तथा सेवाको उपभोग गर्न नागरिकलाई प्रेरित गरिरहेको हुन्छ । तर, नेपाल यस्तो देश हो जहाँ विदेशी बस्तुको प्रयोगलाई शान, मान, ईज्जत र राष्ट्रियता मानिन्छ । मदिरादेखि दूधसम्म विदेशी उपभोग गर्दा आफूलाई उच्चकोटीको मानिन्छन् । हाम्रो भान्सामा प्रयोग हुने नुन, तेल, मसलादेखि चामल, पीठो, खाजा, सबै विदेशको भए आफूलाई सम्रान्त मान्छन् । भाँडाबर्तन, पोशाक सबै विदेशी ब्राण्डलाई ईज्जत दिइन्छ । नेपालमा उत्पादन भएका जुत्ताचप्पल गुणस्तरी भएपनि हाम्रो मोह विदेशी ब्राण्डमै अल्झिएको छ । जुत्ताचप्पलमा नेपाल आत्मनिर्भर भएपनि विदेशी ब्राण्डको आयात रोकिएको छैन । मदिरामा आत्मनिर्भर भएपनि विदेशी ब्राण्ड घरघरमा पुगेको छ । सबै कुरा विदेशी नै मोह भएपछि दूध किन नेपालको उपभोग गर्ने ? कम गुणस्तरको भएपनि विदेशी ब्राण्डको उपभोग गर्ने आदत बसेका कारण हामी दूध पनि विदेशी नै रोज्न मनपराउने भएका छौं ।

भारतीय बजारबाट सस्तो मूल्यको पाउडर दूध आयात रोक्न नसक्दा अहिले प्रदेशका किसानले मिल्क होलिडेको समस्या झेलिरहेका छन् । किसानहरु दैनिकजसो उत्पादित दूध बिक्री हुन नसक्दा मर्कामा परेका छन् । सरकारले किसानलाई अनुदान दिने नीति बनाउनु र विदेशी दूध आयातमा नियन्त्रण गर्न नसक्दा किसानहरु मिल्क होलिडेको प्रत्यक्ष असरमा परेका हुन् । बागमती प्रदेश सरकारले दूधको उत्पादन बढाउन दुग्ध उत्पादक कृषि सहकारी संस्थामार्फत किसानलाई प्रतिलिटर ३ रुपैयाँ ५२ पैसा अनुदान दिने नीति बनाएको छ । प्रदेशमा दूधको उत्पादन बढेसँगै पाउडर प्लान्टसमेत सञ्चालनमा ल्याउने तयारी गरेको सरकारले पाउडर प्लान्ट सञ्चालन गर्न सकेको छैन । दूधको उत्पादन बढाउन अनुदान लिएका मकवानपुरका तीनसय भन्दा बढी किसानले व्यावसायिकरुपमा पशुपालन गरेका छन् । ६१ वटा सहकारी संस्थामार्फत दैनिक ५० हजार लिटर दूध संकलन भइरहेको छ । तर, भारतीय बजारबाट आउने दुग्ध पदार्थसँग प्रतिस्पर्धा गर्न नसक्दा नेपालका डेरी उद्योगले हप्तामा दुई दिन दूध संकलन नै गर्दैनन् । डेरी उद्योगले दूध नकिन्दा यहाँका किसानले मिल्क होलिडेको समस्या झेलिरहेका छन् । दूध उत्पादन गरे पनि बजार नपाइएको गुनासो गर्दै मकवानुपरका किसानले सरकारी डेरीले पनि दूध लिन छोडेको बताएका छन् । यो बिषयमा सरकारले समेत ध्यान दिन सकेको छैन । दुई पैसा कमाएर घर चलाउँला भन्ने किसान यतिबेला मिल्क होलिडेको शिकार भएका छन् । ग्रामीण क्षेत्रका किसानले उत्पादन गरेको दूध बिक्री हुँदैन, दूध फाल्न परिरहेको छ ।

नेपाली किसानले उत्पादन गरेको दूध संकलन गरी पाउडर, चीज, बटर, छुर्पी बनाई स्टोर गर्ने क्षमता बढाए मात्रै मिल्क होलिडेको अन्त्य हुनसक्छ । तर, भण्डारण क्षमताकै अभावमा डेरी उद्योगले दूध खरिद गर्न छाडेका छन् । अर्कोतर्फ भारतीय बजारबाट आउने दूध र दुग्धपदार्थको आयात रोकेमात्रै किसानको समस्या समाधान हुनसक्छ । यसतर्फ सकारको ध्यान पुगेको छैन । किसानलाई दूधको उत्पादन बढाउन प्रोत्साहित गरेको प्रदेश सरकारले दूधको बिक्रीका लागि बजार खोज्न भने सहयोग गरेको छैन । किसानको समस्या कसरी समाधान गर्ने भन्नेमा सरकारको चासो नै देखिँदैन । नेपाली किसानले दूध उत्पादन हुने सिजनमा मिल्क होलिडेको समस्या वर्षौंदेखि भोग्दै आएका छन् । तर, यसको दीर्घकालीन समाधानका लागि सरकारले योजना बनाउन सकेको देखिँदैन । जब विदेशी दूध नै मनपर्छ भने किसानले दु:ख गरेर किन गाइबस्तु पाल्ने ? सबै कुरा विदेशबाटै आयात गर्ने सरकारको उद्धेश्य हो भने सबै नेपालीले काम गर्न पर्दैन । युवा जनशक्ति खाडी गएका छन् । उनीहरुले पठाएको रकमले सबै कुरा किनेर उपभोग गर्ने भन्दा कुनै परिबर्तन हुनेवाला छैन । यो बिषयमा सरकार कहिले गंभीर बन्छ ?

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० मंसिर १५ गते शुक्रबार, १ डिसेम्बर २०२३ । चतुर्थी, मार्ग कृष्णपक्ष । कछलागा ११४४ ने.सं. । सूर्योदय ६:३८, सूर्यास्त ५:०६ । विश्व एड्स दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : यात्राबाट नोक्सान हुनेछ | तुला | : मनोरञ्जन प्राप्त हुनेछ |
| वृष | : घाउचोट लाग्न सक्नेछ | वृश्चिक | : व्यापारबाट लाभ मिल्नेछ |
| मिथुन | : जग्गा जमिनबाट लाभ हुनेछ | धनु | : स्वास्थ्योपचारमा खर्च हुनेछ |
| कर्कट | : सोचेभन्दा बढी खर्च हुनेछ | मकर | : मानसिक असन्तुष्टि बढ्नेछ |
| सिंह | : मित्रतामा कमी आउनेछ | कुम्भ | : ज्ञानगुनका कुरा जान्न पाइनेछ |
| कन्या | : कामको जिम्मेवारी बढ्नेछ | मीन | : काम अपुरै रहने देखिन्छ |

सन्दर्भ: लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान :

# पाठ्यक्रममै समेटिनुपर्छ लैंगिक हिंसाको विषय



डा. सीता ढुंगाना

**लैंगिक हिंसाले दशकौं पछाडिसम्म पनि हाम्रो समाजलाई असर पुर्‍याइराख्छ, यसको कालो छायाँ रहिरहन्छ । यसको अन्त्यका लागि लैंगिक हिंसा विरुद्धको साक्षरताको विषय अब विद्यालय तहको पाठ्यक्रममै समावेश गरेर अध्यापन गर्नुपर्छ ।**

लिंगको आधारमा हुने हिंसा दिगो मानव विकासको प्रमुख बाधक र लैंगिक समानता हासिल गर्ने बाटोको प्रमुख चुनौती हो ।

यसले विकास र उत्पादनशील कार्यलाई निरुत्साहित तथा घर र समाजलाई विखण्डन गर्दछ । जब घर र समाज नै शान्त र हिंसारहित बन्न सक्दैन मानिस सृजनशील बन्न र समाजको लागि योगदान गर्न सक्दैन ।

हिंसाले मुलुकमाथि अनावश्यक आर्थिक तथा कार्यगत भार थोपर्छ । महिलामाथि हुने हिंसाले स्वास्थ्य सेवा लगायत प्रहरी, अदालत र सामाजिक कल्याणका कामहरूमा पनि खर्च वृद्धि गराउँछ । यसका साथै हिंसामा संलग्न दोषीको प्रतिष्ठामा आँच पुर्‍याउनुका साथै उनीहरूलाई अमानवीय वा निर्दयी बनाउन पनि झन् बढी मद्दत गरिरहेको हुन्छ ।

महिला विरुद्ध र महिला भएकै कारणले हुने सम्पूर्ण हिंसात्मक कार्य महिलामाथि हुने हिंसा हुन् । पछिल्लो समय महिला माथि मात्र नभएर तेस्रो लिंगी र पुरुष माथि पनि लैंगिकताको आधारमा विभेद र हिंसाका घटना बढिरहेका छन् । त्यसैले महिला हिंसा मात्र नभनेर यसलाई लैंगिक हिंसा भनिन्छ ।

लैंगिक हिंसा अन्त्य गर्नको लागि हरेक वर्ष नोभेम्बर २५ देखि १६ दिनसम्म विश्वभरि अभियान नै सञ्चालन हुन्छ । यस्तै मार्चमा अन्तर्राष्ट्रिय महिला दिवसको रूपमा मनाइन्छ । यस्ता अभियानहरूको मुख्य उद्देश्य लैंगिक समानता कायम गर्ने, महिलाको आफ्नो शरीर माथिको स्वनिर्णयलाई नि:शर्त बनाउने, राज्यको सबै निकायमा महिलाको अर्थपूर्ण सहभागिताको लागि वातावरण सुनिश्चित गर्न स्थानीयदेखि संघ तहसम्म पैरवी गर्ने आदि हो ।

लैंगिक समानता सुनिश्चितताका लागि भएका प्रतिबद्धताहरू कार्यान्वयन गर्ने/गराउने, लैंगिक उत्तरदायी संरचना निर्माण गर्ने/गराउने, वर्षभरि भएका हिंसाका घटनाहरूको विश्लेषण गरी हिंसाको अवस्था अन्त्यको लागि सरोकारवालाहरूलाई जिम्मेवार बनाउनु यसको अर्को उद्देश्य हो ।

सधैं झैं यो वर्ष पनि 'लैंगिक हिंसा अन्त्यको सुनिश्चितता, महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता' भन्ने मूल नाराका साथ लैंगिक हिंसा विरुद्ध १६ दिने अभियान नोभेम्बर २५ देखि डिसेम्बर १० सम्मको लागि सुरु भएको छ ।

अन्तर्राष्ट्रिय स्तरमा नोभेम्बर २५ लाई महिला हिंसा विरुद्धको दिवसको रूपमा मनाउन थालेको ७३ वर्ष भइसकेको छ भने संयुक्त राष्ट्रसंघले यस दिनलाई अभियान सुरु हुने दिनको रूपमा मान्यता दिएको पनि २४ वर्ष भयो ।

नेपालमा भने यो अभियानलाई सरकारले २०५४ सालदेखि नै लैंगिक हिंसा विरुद्धको रूपमा मान्यता दिएको हो । मुलुकमा औपचारिक, अनौपचारिक रूपमा विगत ८० वर्षभन्दा लामो समयदेखि महिला हिंसा लगायत समग्र लैंगिक हिंसाको विरुद्ध कार्यक्रमहरू हुँदै आएको भएतापनि प्रत्येक वर्ष हिंसाका घटनाहरू बढिरहेका छन् ।

केही सचेत मान्छेकै बीच केन्द्रीकृत कार्यक्रम गर्ने र अभियान सकिएपछि धेरैको यो विषयमा ध्यान नै नजाने भएर पनि लैंगिक हिंसाका अपराधहरू बढिराखेको हुनसक्छ । मुलुकमा वर्षभरि घट्ने कुल अपराधको ३१ प्रतिशत तथ्यांक लैंगिक अपराधको छ ।

विगत १० वर्षदेखिको लैंगिक अपराधको घटनाका तथ्यांकलाई विश्लेषण गर्दा यो घट्नेभन्दा बढ्दो क्रममा छ । गत आर्थिक वर्षको प्रहरीमा दर्ता भएका लैंगिक अपराधका मुद्दाको तथ्यांकलाई हेर्दा कुल तथ्यांकको झण्डै ८० प्रतिशत मुद्दा लैंगिक हिंसा अन्तर्गत घरेलु हिंसाको छ ।

अब यस्ता अभियानहरू समाजको आवश्यकतासँग जोड्दै थप व्यावहारिक बनाउनुपर्छ । गाउँ-बस्ती स्तरमा लैंगिक हिंसा के हो र यसलाई किन सहनुहुन्न, हिंसा भइहाले कानुनी उपचार के छ भनेर आम मानिसलाई बुझाउनुपर्दछ ।

धेरै वर्षदेखि लैंगिक हिंसाबारे कार्यक्रमहरू महिलाको बीचमा मात्र गरियो । आगामी दिनमा यस्ता सचेतनामूलक कार्यक्रम महिला र पुरुष दुवैलाई राखेर गर्नुपर्छ ताकि यो सहसचेतनामूलक बन्न सकोस् ।

लैंगिक हिंसा निवारण गर्न घरभित्रबाट सबै प्रतिबद्ध हुनुपर्दछ भन्ने सन्देश विद्यार्थी मार्फत प्रवाह गर्दा लैंगिक हिंसा न्यूनीकरणमा मद्दत पुग्दछ । लैंगिक हिंसा तत्कालीन समस्या मात्र होइन, यसले दशकौं पछाडिसम्म पनि हाम्रो समाजलाई असर पुर्‍याइराख्छ, यसको कालो छायाँ रहिरहन्छ ।

यसको अन्त्यका लागि तदनुरूप रणनीतिक योजना बनाएर काम सुरु गर्नुपर्छ । त्यो भनेको लैंगिक हिंसा विरुद्धको साक्षरताको विषय अब विद्यालय तहको पाठ्यक्रममै समावेश गरेर अध्यापन गराइनुपर्दछ ।

परम्परागत मूल्य-मान्यता र हानिकारक अभ्यासहरूले निम्त्याउने हिंसाको बारेमा विद्यालय तहका पाठ्यक्रममा पठाउँदा सांस्कृतिक रूपान्तरणको जग बस्छ । तिनै बालबालिका ठूलो हुँदै जाँदा परम्परागत हानिकारक मूल्य-मान्यतालाई छोड्छन् । यसक्रममा हाम्रो मौलिक सांस्कृतिक परम्पराका सकारात्मक र वैज्ञानिक पक्षलाई भने जगेर्ना र तदनुरुप नै प्रशिक्षित गर्नुपर्छ ।

गत आर्थिक वर्षको लैंगिक हिंसा सम्बन्धित तथ्यांक विश्लेषण गर्दा कुलमध्ये झण्डै ८० प्रतिशत घरेलु हिंसाका घटना छन् । घरेलु हिंसा, बोक्सीको आरोप, दाइजो प्रथा, बालविवाह, बहुविवाह जस्ता घटना घट्नुमा पनि हानिकारक मूल्य-मान्यताको मुख्य असर देखिन्छ । परम्परागत खराब मूल्य-मान्यताका कारण महिला तथा बालिकाहरू मानवअधिकारका आधारभूत अधिकारबाट समेत वञ्चित छन् । जसका कारण लैंगिक समानता हासिल गरी समावेशी विकास गर्न राज्यलाई अवरोध पुगिरहेको छ ।

वर्षौंदेखि सरकारले बालविवाह रोकथाममा धेरै काम गर्दै आएको छ तर पनि यस्तो हानिकारक अभ्यास अन्त्य हुनसकेको छैन । विद्यालय पाठ्यक्रममै यो विषयलाई राखेर पढाउँदा विद्यार्थी परिवारमा गएर भन्न सक्छन्– 'बालविवाह अपराध हो, यसमा म सहभागी हुन सक्दिनँ ।' यसबाट एउटा सामाजिक रूपान्तरण सुरु हुन्छ ।

बालबालिकालाई बालविवाहको दीर्घकालीन असर बुझाउन नसक्दा, यसको कानुनी उपचारबारे ज्ञान नदिंदा आजभोलि अभिभावककै इच्छा विपरीत बालबालिका आफैं बालविवाहमा अग्रसर भएका उदाहरण पनि छन् । त्यसैले अब यी विषयलाई पाठ्यक्रममा समावेश गर्न ढिला भइसकेको छ ।

पाठ्यक्रमबाट सैद्धान्तिक ज्ञान दिनुका साथै विद्यालयको अतिरिक्त क्रियाकलापमा विद्यार्थीबीच किशोर-किशोरी समूह निर्माण गर्दै उनीहरूकै सहभागिता र नेतृत्वमा कम्तीमा महिनाको एकपटक अभियान सञ्चालन गरेर लैंगिक हिंसा अन्त्यमा उल्लेख्य योगदान गर्न सकिन्छ । यसको लागि स्थानीय सरकार र विद्यालय शिक्षक अत्यन्तै जागरुक र प्रतिबद्ध हुन जरूरी छ ।

लैंगिक हिंसाको विषयलाई पाठ्यक्रममा समावेश गरी उक्त विषयको शिक्षक तयार गरी वेला-वेलामा विद्यालय सञ्चालक समिति र अभिभावकबीच स्कुलमा अभिमुखीकरण र सचेतनामूलक अन्य क्रियाकलापमा पनि सहभागी गराउनुपर्छ । अध्यापनसँगै विद्यालय परिवारलाई नै यस विषयमा तालिमप्राप्त बनाउनुपर्छ ।

हिंसाका घटना आए विद्यालयमा बनाइएका किशोर-किशोरी समूहमा रिपोर्टिङ गर्ने र शिक्षक तथा विद्यार्थीको समूहले पनि उक्त घटनाका दोषीमाथि कारबाहीको पहलकदमी लिने वातावरण सिर्जना गर्नुपर्छ ।

विद्यालय पाठ्यक्रममा हिंसा नियन्त्रण रोकथामसँग सम्बन्धित सामग्री समावेश गर्ने, चित्रकला, वक्तृत्वकला, हाजिरीजवाफ जस्ता अभ्यासलाई समेट्ने, विद्यार्थीको सहभागितामा परियोजना कार्यहरू गराउनुपर्छ । यसले लैंगिक हिंसा सम्बन्धी विषयमा विद्यार्थीलाई अध्ययन गराउन थप सहयोग पुग्दछ । यसरी मुलुकले अहिलेको घटना घट्ने दर र दिगो रूपमा हिंसा अन्त्य गर्ने कार्यमा सफलता हासिल गर्न सक्दछ ।

*(साभार: अनलाइनखबर)*

# विश्व अर्थतन्त्रमा 'टुरिजम'को टेको

रिसव गौतम



विश्वव्यापी रूपमा घुमफिर अर्थात् टुरिजम् आम्दानीको बलियो स्रोत बनिरहेको छ । खास गरी कुनै पनि देशको आर्थिक वृद्धि र आर्थिक गतिविधिको बढवाका लागि, सरकारको राजस्व आम्दानी र पूर्वाधार विकासका लागि, मुलुकको प्रतिष्ठाको श्रीवृद्धिका लागि, विदेशी मुद्रा आर्जन र रोजगारी सिर्जनाका लागि पर्यटन उद्योग महत्त्वपूर्ण छ ।

विकसित देशहरूले पर्यटनमार्फत आफ्नो देशको आय र आकर्षण बढाइरहेका छन् । जसबाट उनीहरूले बहुआयामिक लाभ लिइरहेका छन् । पर्यटन र मानवीय आवश्यकताका क्षेत्रहरूमा बृहत्तर सुधार र सुविधा थपिरहेका देशमा पछिल्ला दशक आप्रवासनको लहर चलिरहेको छ । पहिले पहिले कुनै देशको एउटा कुनाबाट अथवा गाउँबाट सहरतिर बसाइँ सर्ने लहर चल्थ्यो । अहिले भने सूचना र सञ्चारको भूमण्डलीकरण, भाषा र संस्कृतिको भूमण्डलीकरणले एक देशबाट अर्को देशमा आप्रवासनको लहर नै चलेको छ । जस्तो कि युरोपको एउटा आर्थिक हिसाबले पछि परेको रोमानियाका करिब ४० प्रतिशत मानिस अर्को देशमा बसाइँ सरेका छन् । नेपालबाट नै पछिल्ला दशक डीभी, पीआर पाएर ठुलो संख्यामा परिवारसहित विदेश बसाइँ सरिरहेका छन् । यो चिन्ताजनक हो । नेपाली जनतालाई नेपालमै बस्ने वातावरण बनाउनु र यहींको पर्यटन क्षेत्र जस्तो सम्भावनाको उद्योगमा ठुलो पैमानामा रोजगारी सिर्जना गर्न सरकार लागिपर्नु पर्छ ।

**विश्व पर्यटनको अवस्था**

कोभिड-१९ को महामारीले थला परेको संसारभरको पर्यटन उद्योग सन् २०२३ को अन्त्यसम्म आइपुग्दा लगभग कोभिडपूर्वकै अवस्था (९५ प्रतिशत) मा फर्किएको छ । सन् २०१९ मा विश्वमा १ अर्ब ५० करोड मानिस पर्यटक भएर संसारका देशहरूमा घुमफिर गरे । सन् २०२३ मा पनि उही संख्याको हाराहारी नै पर्यटकले विश्वका देशहरू घुमफिर गर्ने यूएनडब्लूटीओको तथ्याङ्कहरूले सङ्केत गरिसकेको छ ।

वर्ल्ड टुरिजम अर्गनाइजेसनका अनुसार सन् २०२३ को अक्टोबरसम्म सबैभन्दा बढी ११ करोड ७१ लाख मानिस फ्रान्समा मात्र विदेशी पर्यटक भएर पुगिसकेका छन् । त्यसै गरी उत्तर अमेरिकी देश मेक्सिकोमा सन् २०२३ मा ५ करोड ११ लाखभन्दा बढी पर्यटक घुम्नकै लागि पुगेका छन् । प्राकृतिक सौन्दर्यले विछुटटै राम्रो त्यस देशले आफ्नो देशको सौन्दर्यको प्रचार प्रसार र पर्यटकीय वातावरण निर्माण गरेर पर्यटन आयबाटै पछिल्ला वर्षहरूमा अर्थतन्त्रलाई उकास्दै लगेको छ । त्यस देशमा एक करोड जनतालाई पर्यटन क्षेत्रले रोजगारी दिएको छ । त्यसै गरी सन् २०२३ मा अमेरिकामा ४ करोड ५० लाख, इटलीमा ३ करोड ८४ लाख, स्पेनमा ३ करोड ६४ लाख, हङ्गेरीमा ३ करोड १६ लाख, चाइनामा ३ करोड, क्रोएसियामा २ करोड १६ लाख, टर्कीमा १ करोड ५९ लाख, डेनमार्कमा १ करोड ५५ लाख पर्यटक घुमफिरका लागि गएको वाइजभोटर डटकमले जनाएको छ । सबैभन्दा बढी पर्यटकहरू भित्र्याउन सफल विश्वका यी देशहरूले खासगरी इतिहासको मिश्रण, संस्कृति, प्राकृतिक सौन्दर्य र त्यहाँ पुग्दा हुने अद्वितीय अनुभवलाई प्रस्फुटन गराएका हुन् ।

**पर्यटन उद्योगको विश्वव्यापी आम्दानी**

कोरोनापछि सन् २०२३ को सुरुवातीबाट विश्वव्यापी पर्यटन गतिविधि लयमा फर्किंदैछ । सन् २०१९ जतिबेला पर्यटन उद्योगको आम्दानी उचाइमा थियो । सो वर्ष विश्वमा पर्यटकहरूले १.९ ट्रिलियन डलर खर्च गरेका थिए अर्थात् पर्यटन उद्योगले विश्व अर्थतन्त्रमा करिब १० प्रतिशत (सन् २०१९ मा) भन्दा बढी योगदान दिएको वर्ल्ड ट्राभल एन्ड टुरिजम काउन्सिलको अभिलेख छ । सन् २०१९ मा पर्यटन क्षेत्रबाट जीडीपीमा सबैभन्दा बढी योगदान पुर्‍याएको ५ देशहरूमा मकाउको जीडीपीमा ७४.५७ प्रतिशत (सबैभन्दा धेरै), अरुबा (आइसल्यान्ड) को जीडिपीमा ६२.११ प्रतिशत, एन्डोरामा ६०.५४ प्रतिशत, एन्टिुवाको जीडीपीमा ५९.२१ प्रतिशत, माल्दिभ्सको जीडीपीमा ५६.५३ प्रतिशत रहेको छ । सोही वर्ष नेपालको जीडीपीमा पर्यटन उद्योगले २.३४ प्रतिशत योगदान राखेको द ग्लोबल इकोनोमी डटकमको रिपोर्टमा उल्लेख छ । यद्यपि नेपालको प्राकृतिक सौन्दर्यलाई पर्यटन सम्बद्ध विश्वका प्रतिष्ठित सैसंस्थाहरूले घुमफिरका लागि उपयुक्त गन्तव्यको रूपमा सुझाइरहेका छन् । धेरै त्यस्ता संस्थाले नेपाल पर्यटकीय रूपमा २० उपयुक्त गन्तव्य मुलुकभित्रै चित्रण गर्दै आइरहेका छन् । तर मुस्किलले १० लाख पर्यटक भित्र्याउने नेपालले न त सम्भावना अनुरूप पर्यटक भित्र्याउन सकेको छ न त यस क्षेत्रबाट आम्दानी नै बढाउन सकेको छ । तर पनि नेपालमा पर्यटन उद्योगले १५ लाखभन्दा बढीलाई रोजगारी दिइरहेको अवस्था देखिन्छ ।

**पर्यटन क्षेत्रमा लगानी र रोजगारी**

सन् २०२२ सम्ममा पर्यटन क्षेत्रमा विश्वव्यापी रूपमा ८५६ अर्ब डलर लगानी भएको ट्राभल वर्ल्ड डटकमको तथ्याङ्क छ । संसारका हरेक ५ जनामा एक जनालाई रोजगारी दिन सक्ने सम्भावना बोकेको पर्यटन उद्योगले ३० करोडभन्दा बढीलाई रोजगारी दिइरहेको अवस्था छ । सन् २०१९ सम्मको आँकडाअनुसार पर्यटन उद्योगमा अमेरिकाको मात्रै २०९ अर्ब डलर लगानी रहेको छ । त्यसै गरी चीनले पर्यटन उद्योगमा १७० अर्ब डलर, भारतको ५१.६ अर्ब डलर, फ्रान्सको ४० अर्ब डलर, जापानको ३९ अर्ब डलर, जर्मनीको ३४.७ अर्ब डलर, बेलायतको २७.६ अर्ब डलर, साउदी अरेबियाको २७.५ अर्ब डलर, स्पेनको २१.७ अर्ब डलर र ब्राजिलको १९.८ अर्ब डलर लगानी रहेको छ । विश्वका देशहरूले पर्यटनमा प्रचुर लगानी बढाएर पर्यटकीय आकर्षण र वातावरण बनाइरहेका छन् । सँगैसँगै लगानीकै बलमा उनीहरूले पर्यटन क्षेत्रबाट अकुत आम्दानी गरिरहेका छन् । पर्यटनमा सबैभन्दा बढी लगानी र आम्दानी पनि त्यस क्षेत्रबाट अमेरिकाले नै बढी पाइरहेको छ । त्यस कारण पर्यटन क्षेत्रको श्रीवृद्धिका लागि लगानी बहुतै महत्त्वपूर्ण पाटो हो । त्यसका लागि लगानीको वातावरण बनाउनु सबैभन्दा बढी आवश्यक छ ।

**नेपालमा पर्यटनको सम्भावना**

नेपाल संसारकै एक सुन्दर प्राकृतिक देश हो । त्यो हामीले भनेका होइनौं, अन्तर्राष्ट्रिय स्तरका प्रतिष्ठित संस्थाहरूले नेपाल पर्यटकीय हिसाबले १० नम्बर भित्र पर्ने गन्तव्यको रूपमा सुझाउँदै आएका छन् । तर पनि हामीले पर्यटकलाई बोलाउन, आतिथ्य गराउन सकेका छैनौं । संसारका २८ अग्ला हिमालमध्ये सर्वोच्च शिखर सगरमाथासहित १४ ठुला हिमशृंखला नेपालमै छ । आँखाले हेरेर नभ्याउने भीमकाय महाभारत पर्वत नेपालमै छन् । विश्वमै दुर्लभ मानिने ७५० भन्दा बढी प्रजातिका पन्छी नेपालमै पाइन्छन् । दुर्लभ बाघ, भालु, चितुवा, हरिण, मृग, गैंडा हेर्न नेपालमै आउनुपर्छ । वर्षैभरि अविच्छिन्न बगिरहने नदीहरूले जतातत्तै जुलुस निकालिरहेका छन् । सयौं भाषा, भेष र संस्कृति यहीं छन् । फरक फरक जलवायु यहीं छ अर्थात् नेपालमा अथाह पर्यटकीय सम्भावनाका स्रोत छन् ।

नेपालले अरू सब छोडेर पर्यटन क्षेत्रलाई मात्रै विश्वमाझ प्रवर्द्धन गर्ने हो भने, आवश्यक पर्यटकीय पूर्वाधार विकास गर्दै लग्ने हो भने समृद्धिको ढोका सहजै खुल्नेछ । विदेशी मुद्राको दु:ख हरदम हुने छैन ।

पर्यटन क्षेत्रकै लागि विश्वमा करिब ९०० बिलियन डलर लगानी भइसकेको छ । त्यसमा आधा खर्च चीन र अमेरिकाले गरेका छन् । लगानी उच्च भएकै कारण चीनमा बर्सेनि ५ करोडभन्दा बढी मानिसले पर्यटक भएर भ्रमण गर्न थालिसकेका छन् । त्यस्तै भारतमा करोड भन्दा बढी मानिसले पर्यटन क्षेत्रमा रोजगारी पाइरहेको अवस्था छ । राजनीतिक स्थायित्वकै कारण भारतमा पर्यटक आगमन बढेको बताइन्छ । त्यस्तै फ्रान्स पर्यटकीय दृष्टिले पहिलो गन्तव्यस्थल नभए पनि सबैभन्दा बढी पर्यटक भित्र्याउने राष्ट्रमा पर्ने गर्छ । पर्यटनमैत्री वातावरण उसको प्राथमिकतामा पर्ने गर्छ । अमेरिका, इटाली, यूकेलगायत मुलुकहरू पर्यटक भित्र्याउनेमा दोस्रो, तेस्रो र चौथो मुलुकमा पर्दै आएका छन् । नेपालमा पनि पछिल्ला दशक पर्यटनमा सम्भावना देखेर होटल क्षेत्रमा लगानी बढिरहेको छ । मुख्यत: नेपालमा पर्यटन पूर्वाधार जस्तो सुरक्षित सडक, पर्यटकीय गन्तव्यहरूमा भरपर्दा अस्पतालहरू, गुणस्तरीय होटल तथा रेस्टुरेन्टहरू, सुरक्षित एवं शान्त वातावरण र जोखिम पर्दा शीघ्र उद्धारको प्रबन्ध अनिवार्य छ । साथै पर्यटक लक्षित मेला महोत्सव, पर्यटकलाई अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार मार्फत निम्ता र एनआरएनएमार्फत विदेशमा नेपालको पर्यटकीय गन्तव्यहरू प्रवर्द्धन आवश्यक छ ।

*(साभार: रातोपाटी)*

# रास्वपाले राजतन्त्र नबोक्ने, संघीयताबारे अस्पष्ट

काठमाडौं/पार्टी घोषणाको १७ महिनापछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्नो राजनीतिक दस्तावेजको प्रस्तावना पारित गरेको छ । महोत्तरीको जलेश्वरमा तीन दिनसम्म बसेको बैठकबाट रास्वपाले उदार लोकतान्त्रिक शक्तिको परिचय दिने गरी राजनीतिक प्रस्तावना पारित गरेको हो ।



पूरा राजनीतिक प्रतिवेदन तयार पार्न बाँकी रहे पनि प्रस्तावना मार्फत रास्वपाले पार्टी स्थापनादेखि खेप्दै आएको वैचारिक प्रश्नबारे आफूलाई प्रष्ट पार्ने प्रयास गरेको छ ।

'पहिलेबाटै हामीले भन्दै आएको कुरा प्रस्तावनामा छ । यद्यपि सार्वजनिक रुपमा केही गलत बुझाइ थियो, त्यसलाई प्रष्ट पार्ने काम गरेका छौं, थप प्रष्ट पार्दै जान्छौं', महामन्त्री डा. मुकुल ढकाल भन्छन् । प्रस्तावनामा लेखेका कुरा संविधानमै भएको र त्यही प्रतिवद्धता पार्टी स्थापनादेखि भन्दै आएको उनी बताउँछन् ।

तर सभापति रवि लामिछानेको सार्वजनिक अभिव्यक्ति र आमचुनाव-२०७९ का बेला सार्वजनिक घोषणापत्रलाई लिएर रास्वपाको वैचारिक प्रष्टताबारे प्रश्न उठ्ने गरेको थियो ।

लामिछानेका अभिव्यक्ति र उसको घोषणापत्रलाई नै आधार मानेर नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्रजस्ता पुराना दलहरुले रविले 'लोकप्रियतावादी' प्रश्न सोध्ने गरेपनि समाधान दिने वैचारिक बाटो नभएको आरोप लगाउने गरेका थिए ।

राजनीतिक विश्लेषक झलक सुवेदी, रास्वपाले प्रस्तावनाबाट पुराना दलहरुले लगाउने आरोपको जवाफ दिएको बताउँछन् । 'रास्वपाले आफूलाई लिबरल डेमोक्र्याटिक पावरको रुपमा परि भाषित गरेको देखियो, यो जवाफ कांग्रेस र एमालेहरुलाई चुनौती हो', सुवेदी भन्छन् ।

अर्का राजनीतिक विश्लेषक निलाम्बर आचार्य पनि रास्वपाले वैचारिक स्वरुप लिन सुरु गरेको मान्छन् । 'रास्वपाले वैचारिक स्वरुप लिँदैछ भन्ने सुरु भयो । अझ बहुदलीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा प्रष्ट पार्यो, यो सकारात्मक कुरा हो', विश्लेषक आचार्य भन्छन्, 'राजतन्त्र भन्नेहरुको भविष्य थिएन, त्यसबाट जोगाएर रास्वपाले अरु नयाँ बन्छु भन्नेहरुलाई पनि चुनौती दियो ।'

यसअघि रास्वपाका नेताहरुले सुशासनको मुद्दामा मात्रै जोड दिने गरेको थियो । सभापति लामिछानेले कतिपय सन्दर्भमा 'व्यवस्था र अवस्था' परिवर्तनको कुरा उठाउथे । वैचारिक प्रष्टतामाथि उठ्ने प्रश्नमाथि दिक्दार भएर लामिछानेले 'भ्रष्टहरुलाई सिध्याउने' कुरा नै सिद्धान्त भएको ओठे जवाफ दिन्थे ।

पार्टी गठनको चार महिनाभित्रै जारी चुनावी घोषणापत्रले पनि रास्वपासँग प्रष्ट राजनैतिक पक्षधरता नभएकै पुष्टि हुन्थ्यो । जस्तो कि १७ कात्तिक २०७९ मा जारी घोषणापत्रमा रास्वपाले कुनै पनि वाद, विचार र सिद्धान्त उपयोग गर्न र त्याग्न स्वतन्त्र रहेको उल्लेख गरेको थियो ।

'कुनैपनि परम्परागत सैद्धान्तिक वाद वा विचारबाट स्वतन्त्र रहेर राज्यमा विधिको शासन लागू गर्न तथा आममानिसहरुको जीवनस्तरमा सकारात्मक परिवर्तन गर्न आवश्यक देखेमा कुनै पनि वाद, विचार, सिद्धान्तलाई साधनका रुपमा प्रयोग गर्न र त्याग्न स्वतन्त्र छ भन्ने चाहिं बुझाउँछ', घोषणापत्रमा उल्लेख थियो । यसले आवश्यक परे व्यवस्था उल्ट्याउन पनि तयार हुनुपर्ने सन्देश गएको थियो ।

अझ संवैधानिक समाजवादलाई पार्टीको दर्शन भन्ने अनि संविधानका महत्वपूर्ण प्रस्तावना (संघीयता, शासकीय स्वरुप, संसदीय प्रणाली लगायत) माथि असहमति राखेको थियो । 'विधिको शासन मार्फत नेपालको संविधानले परिकल्पना गरे अनुसारको समाज स्थापना गर्नु नै संवैधानिक समाजवाद हो । यो नयाँ वाचाहरु गर्ने बेला नभएर, नयाँ सपना देखाउने बेला नभएर, लिखितम रुपमा गरिएका वाचाहरु र देखाइएका सपनाहरु पूरा गर्ने बेला हो', रास्वपाले पार्टीको राजनीतिक कार्यक्रमबारे लेखेको थियो ।

अझ प्रदेशसभातर्फ त उम्मेदवारी नै दिएको थिएन । कतिसम्म भने पूर्वपञ्चहरुको पार्टी राप्रपाले प्रदेशसभामा उम्मेदवारी दिएकोमा समेत आलोचना गरेको थियो । प्रदेशसभाबारे रास्वपाले फरक मत नै राख्दै लेखेको थियो, 'धेरै कारणहरुले संघीयताको आधारभूत सिद्धान्तको वकालत गर्नेहरुले पनि नेपालको ढाँचाको संघीयतामा प्रश्न गर्दै चुस्त र प्रभावकारी संघीय संरचना बनाउनुपर्ने भएको छ ।'

प्रस्तावित प्रदेश मन्त्रालयहरु उट्पट्याङ जस्तो थियो । रास्वपाको तर्क थियो, प्रदेशहरुमा आवश्यकता हेरेर धान मन्त्रालय, चिया मन्त्रालय, अलैंची मन्त्रालय, गुम्बा मन्त्रालय लगायत हुनुपर्छ । अर्कोतिर उसले प्रदेश संरचना चुस्त हुनुपर्ने तर्क पनि गर्थ्यो ।

स्थापित पुराना दलहरुको चर्को विरोध गरिरहँदा र वैचारिक रुपमा प्रष्ट नपार्दा रास्वपामाथि अनेक आशंकाले हेरिने गरेको थियो । अझ चुनाव चिह्न घण्टी रोजेकाले बहुलवादप्रति रास्वपा प्रष्ट नहुने हो कि भन्ने आशंका थियो । तर यी प्रश्नहरुलाई चिर्नेगरी रास्वपाले बुधबार राजनीतिक दस्तावेजको प्रस्तावना सार्वजनिक गरेको छ ।

प्रस्तावना मार्फत तीन मुख्य लक्ष्य र प्रतिबद्धता प्रष्ट पारिएको छ । पहिलो त रास्वपाले आफूलाई गणतन्त्रको पक्षमा उभ्याएको छ । 'यसको ध्येय वैयक्तिक स्वतन्त्रता र मौलिक हकको प्रत्याभूतिपूर्वक पूर्ण लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीभित्र विधिमा आधारित जवाफदेहीपूर्ण असल शासन मार्फत् समन्यायिक समावेशी समाज निर्माण गर्नु हो', प्रस्तावनामा लेखिएको छ । यही फरकबाट गणतन्त्र र लोकतान्त्रिक अभ्यासमा आधारित पार्टीका रुपमा आफूलाई उभ्याएको छ ।

दोस्रो सामाजिक न्याय, उदार अर्थतन्त्र र बहुलवाद मार्गदर्शक सिद्धान्त मानेको छ । त्यसमा समावेशी समाज निर्माणको पक्षधरका रुपमा कित्ता प्रष्ट पारेको छ । र तेस्रो, समाजवादसम्म पुग्न शान्तिपूर्ण मार्ग अवलम्बन गर्ने भएको छ ।

अर्थात्, संविधानप्रति रहेको असहमतिलाई लोकतान्त्रिक विधिले सच्याउने प्रयास गर्नेछ । 'बाटो शान्तिपूर्ण भनेको लोकतान्त्रिक प्रतिस्पर्धा हो, मत ल्याएरै बदल्ने हो', महामन्त्री ढकाल भन्छन् ।

रास्वपाले शासकीय स्वरुप, प्रदेश संरचनाप्रति असहमति फरक प्रस्ताव गरेको छ । अब त्यो असहमति बदल्ने मार्ग जनताको अभिमत (मतदान) हुने प्रष्टता रास्वपाले दिएको छ । तर आफ्नो वैचारिक लक्ष्य किटान गरेकाले संविधानमा हुन सक्ने संशोधनप्रति पनि प्रष्ट भएको छ ।

राजनीतिक विश्लेषक आचार्य, रास्वपाले ढिलै भए पनि विचारमा प्रष्टता दिएर नागरिकमा आशा जगाएको बताउँछन् । 'यसरी नै विचार बन्दै जाने हो, कांग्रेस र एमालेहरु पनि त्यसरी नै बनेको हो', उनी भन्छन् । संसदमा गुणात्मक उपस्थिति जनाउन सफल रास्वपाका सांसदहरुलाई पनि वैचारिक प्रष्टताले थप सहयोग पुगेको विश्लेषक आचार्य बताउँछन् ।

**तर बाकी छ अलमल**

प्रतिस्पर्धात्मक लोकतन्त्र, विधिको शासन, गणतन्त्र, बहुलवाद, उदार अर्थतन्त्र र सामाजिक न्याय, समावेशी समाज जस्ता मूख्य एजेण्डामा प्रष्ट भएको रास्वपाको राजनीतिक प्रस्तावना संघीयता र धर्म निरपेक्षताप्रति भने अझै अन्योल देखिएको छ ।

संविधानको मूल अन्तर्वस्तु रहेको संघीयताबारे कुनै शब्द नै लेखिएको छैन । यसले केही प्रश्न बाँकी नै रहेको देखिन्छ । महामन्त्री ढकाल भने यो आशंका पनि राख्न नहुने तर्क गर्छन् ।

'संघीयता भन्नासाथ तीन तहको मात्रै हुन्छ भन्ने हुँदैन । दुई तहको पनि हुन्छ । हामी संघ र स्थानीय तह बलियो हुने संघीयताकै पक्षमा छौं' ढकाल भन्छन्, 'प्रदेशबारे पहिलेबाटै रिजर्भेसन छ । अहिलेकै जस्तो प्रदेश नभएर फरक स्वरुपको प्रस्ताव गरेका छौं ।'

त्यो फरक स्वरुपलाई पूर्ण दस्तावेजमा प्रष्ट पार्ने उनी बताउँछन् । अझ नेपाली समाजमा धेरै बहस हुने गरेको धर्म निरपेक्षताबारे रास्वपाले अस्पष्ट शब्द राखेको छ । जसले अहिलेको संविधानलाई नै सिद्धान्त भन्ने रास्वपाप्रति आशंका कायमै राख्न बल पुगेको छ ।

प्रस्तावनामा लेखिएको छ, 'नेपालको इतिहास, सनातन सभ्यता, धार्मिक-सांस्कृतिक विविधतामा आधारित सहअस्तित्व र पारस्परिक सम्मान ।' जबकि संविधानत: नेपाल धर्मनिरपेक्ष हो । तर पुरानै दलहरुभित्र समेत धर्मबारे फरक विचार देखिन थाल्दा रास्वपाले आफूलाई बचाएर प्रस्तावना तयार पारेको छ । यस्ता केही अस्पष्टता रहे पनि राजनीतिक प्रस्तावना मार्फत रास्वपाले सुशासन स्थापित गर्न पार्टीले लिने वैचारिक बाटो प्रष्ट्याउने काम जलेश्वर बैठकबाट गरेको छ ।

'वैकल्पिक शक्ति भन्ने भनेर जसरी नयाँहरु आउने र विचारमा प्रष्ट पार्न नसक्दा हराउने गरेको थियो, त्यसबाट रास्वपाले आफूलाई जोगाउने काम गरेको छ', विश्लेषक आचार्य भन्छन् । तर रास्वपाको चुनौती नसकिएको उनको ठम्याइ छ ।

'प्रोग्रेसिभ डेभलप गरेको देखियो । धेरै मानिसहरुसँग कुराकानी गरेको होला, अन्तर्राष्ट्रिय अभ्यास र हाम्रो विगत पनि हेरेर निष्कर्षमा पुगेको देखियो', विश्लेषक आचार्य भन्छन्, 'तर सबैको विचार सुन्नु र उनीहरुलाई समेटेर जान सक्नु उसको चुनौती चुनौती हो ।'

*(स्रोत: अनलाइनखबर)*

# दयाहाङलाई लिएर 'दु:खी आत्मा' बनाउँदै दीपेन्द्र

काठमाडौं/'नाङ्गो गाउँ'को सफलतापछि निर्देशक दीपेन्द्र लामाले अभिनेता दयाहाङ राईलाई लिएर फिल्म 'दु:खी आत्मा' बनाउने भएका छन् । उनीहरुबीच तेस्रो पटक सहकार्य हुन लागेको हो ।



यसअघि फिल्म 'घामपानी'मा पनि उनीहरुको टिमअप भएको थियो । क्लक वर्क क्रियशनको ब्यानरमा हिमाल कडरिया निर्माता रहने फिल्मको यस वर्षको अन्त्यतिरबाट छायांकन सुरु गरिने जनाइएको छ ।

फिल्मको मुख्य भूमिकामा दयाहाङबाहेक अरु कलाकार निश्चित भइसकेका छैनन् । स्क्रिप्ट लेखन अन्तिम चरणमा रहेको फिल्ममा निर्देशक लामा स्वयंकै लेखन छ । फिल्मको कथासार बारे स्पष्ट पार्दै दीपेन्द्र भन्छन्, 'बाहिर हामी सबैको मुहार हसिलो देखिए पनि भित्रभित्रै कति दु:खी भइरहेका हुन्छौं, त्यही अवस्थालाई प्रतिकात्मक रुपमा पर्दामा उतार्न खोज्दैछौं । फिल्म हास्यप्रधान रहनेछ ।'

काठमाडौं वरिपरि छायांकन गरिने फिल्मको वितरण आरआर फिल्मस्ले गर्नेछ । सुदीप ढकाल प्रोडक्सन म्यानेजर रहेको फिल्ममा अधिकांश प्राविधिक टोली 'नाङ्गो गाउँ'कै हुनेछ । निर्देशक लामा र निर्माता कडरियाबीच 'दु:खी आत्मा'पछि एक बेनामे फिल्मसँगै 'नाङ्गो गाउँ २'मा पनि सहकार्य हुँदैछ । निर्देशक लामाले 'छ माया छपक्कै' जस्तो सुपरहिट फिल्म पनि निर्देशन गरिसकेका छन् ।

# 'कबीर सिंह'मा शाहिद होइन, रणवीर लिन चाहन्थे सन्दीप

एजेन्सी, मुम्बई/जब निर्देशक सन्दीप रेड्डी भांगाले आफ्नो सुपरहिट फिल्म 'अर्जुन रेड्डी'को हिन्दी रिमेक 'कबीर सिंह'मा अभिनेता शाहिद कपूरलाई काष्ट गर्ने निर्णय गरेका थिए, त्यसबेला उनको कास्टिङलाई लिएर प्रश्न उठेको थियो । तर, शाहिद निर्देशक भांगाको पहिलो रोजाई भने थिएनन् । सुरुमा उनले अभिनेता रणवीर सिंहलाई फिल्म अफर गरेका थिए । तर, उनले डार्क फिल्म भन्दै काम गर्न मानेनन् ।



सन्दीपले हालै एक अन्तर्वार्तामा भनेका छन्, 'मलाई रिमेकका लागि तारन्तार मुम्बईबाट कल आइराखेको थियो । सबैभन्दा पहिला यो फिल्मका लागि मैले रणवीर सिंहलाई अफर गरेको थिएँ । मलाई उनीसँग काम गर्न मन थियो । तर, उनले फिल्मको थिमलाई डार्क भनेर काम गर्न चाहेनन् ।' रणवीरले अस्वीकार गरेपछि उनलाई 'अर्जुन रेड्डी'को रिमेक बनाउन सकिन्छ भन्ने लागेको थिएन ।

ओरिजिनल फिल्म हिट भएकाले हिन्दी रिमेक फ्लप भए लज्जास्पद हुन्छ भन्ने डर पनि उनमा थियो । निर्देशक भांगाले भनेका छन्, 'रणवीरपछि मैले शाहिदलाई अप्रोच गरेँ । तर, प्राय: यो कास्टिङको विरुद्धमा नै थिए । मलाई धेरैले शाहिदलाई लिएर किन फिल्म बनाउन लागेको भनिरहेका थिए । रणवीरलाई लिन धेरैको आग्रह थियो । तर, म शाहिदले पनि राम्रो गर्नेछन् भन्नेमा विश्वस्त थिएँ ।'

सन् २०१९ मा प्रदर्शनमा आएको 'कबीर सिंह' भारतीय बक्स अफिसमा जबर्जस्त हिट भयो । फिल्मले विश्वभर ३ सय ८० करोडको कमाई गरेको थियो । र, यही फिल्मले शाहिदको संकटमा रहेको करिअरलाई पुर्नजीवन दिएको थियो । अब सन्दीपको नयाँ फिल्म 'एनिमल' यही शुक्रबारबाट प्रदर्शनमा आउँदैछ । यो फिल्मको चर्चा हेर्दा व्यावसायिक सफलताको सम्भावना प्रवल देखिएको छ ।

# 'पुजार सार्की'का लागि हिरोइन खोज्दै दिनेश

काठमाडौं/राष्ट्रिय अवार्ड विजेता दिनेश राउत अहिले फिल्म 'पुजार सार्की'को तयारीमा छन् । आगामी माघबाट पश्चिम नेपालमा छायांकन गर्न लागिएको फिल्मको मुख्य भूमिकामा अभिनेताद्वय आर्यन सिग्देल र प्रदीप खड्काका नाम चर्चामा छ । तर, दुवै निश्चित भैसकेका छैनन् । वास्तविक कथा तथा पात्रबाट प्रभावित भएर बन्न लागेको फिल्मका लागि मुख्य भूमिकामा अभिनेत्रीको खोजी गरिएको छ ।




निर्माण टिमले मंगलबार एक पोस्टरमार्फत् मंगोलिन लुक्सकी २०-२२ वर्ष उमेरकी अभिनेत्रीका लागि अडिसन आह्वान गरेको हो । इच्छुकले pictureframe2076@gmail.com मा सम्पर्क गर्न आह्वान गरिएको छ । मंसिरभित्र अभिनेत्रीको टुंगो लगाउने तयारीमा निर्माण टिम छ । एउटा कम्युनिष्ट मान्छेले जातिय समानताको लागि कसरी आफूलाई सार्कीमा बदल्छ भन्ने कथामा फिल्म बन्नेछ ।

संगीतकार सुभाष भुषालको निर्माण रहने फिल्मका लेखक विकास सुवेदी हुन् । सुवेदीसँग निर्देशक राउतको यसअघि 'प्रकाश'मा सहकार्य भएको थियो । 'नोभेम्बर रेन', 'क्लासिक' जस्ता लभस्टोरी फिल्मबाट निर्देशनमा आफू स्थापित गरेका दिनेश 'प्रसाद'देखि सामाजिक कथा भन्न उद्देलित देखिएका छन् । र, रोचक कुरा के छ भने 'प्रसाद'देखि उनले 'प' शब्दमै फिल्म बनाइरहेका छन् ।

# अरू विषय पढेकाले पनि अंग्रेजी र नेपालीमा एमए गर्न पाउने

काठमाडौं/त्रिभुवन विश्वविद्यालयले नेपाली तथा अंग्रेजी विषयमा विशेषज्ञता हासिल गर्न तल्लो तहदेखि नै नेपाली तथा अंग्रेजी मूल विषय पढ्नुपर्ने व्यवस्था हटाएको छ ।

विश्वका अधिकांश विश्वविद्यालयले केही प्राविधिक बाहेकका विषय पढ्न विद्यार्थीले तल्लो कक्षामा पढेको विषयलाई गौण मान्ने गरेका छन् । नेपालमा भने कतिपय विषयमा माथिल्लो तह पढ्नको लागि तल्लो कक्षामा पढेको विषयको आधारमा भर्ना नपाउने अवस्था थियो ।

२४ असोजमा त्रिवि प्राज्ञिक परिषद्ले त्यसलाई तोड्दै जुनसुकै विषयमा स्नातक गरेका विद्यार्थीलाई स्नातकोत्तर (एमए) मा नेपाली तथा अंग्रेजी विषय पढ्न दिने निर्णय गरेको थियो ।

त्यस अनुसार अंग्रेजी र नेपाली विषय विभागहरूले भर्ना खुलाएका छन् । अधिकांशले त्रिविको निर्णयलाई सकारात्मक मानेका छन् भने कतिपयले विद्यार्थी कम भएपछि विद्यार्थी बटुल्ने दाउ भनेका छन् ।

नेपाली विषय केन्द्रीय विभागका प्रमुख प्रा.डा. खगेन्द्रप्रसाद लुईटेल भने नेपाली भाषाको विकासका लागि यो निर्णय अत्यन्तै जरूरी रहेको बताउँछन् । 'संसारका अन्य विश्वविद्यालयले तल्लो तहमा जे पढेको छ, माथिल्लो तहमा पनि त्यही पढ्नुपर्छ भन्दैन । अनि हामी चाहिं किन परम्परागत सोच राख्ने भनेर यो निर्णय गरिएको हो' उनले भने, 'नेपाली भाषाको विकास, विस्तार र उन्नतिको लागि धेरैअघि निर्णय गर्नुपर्ने थियो ।'

प्रवेश परीक्षामा उत्तीर्ण भएकाले मात्रै भर्ना पाउने र आन्तरिक परीक्षामा फेल हुनेले अन्तिम परीक्षामा सहभागी हुन नपाउने व्यवस्था भएकाले कतिपयले चिन्ता गरे जस्तो नेपाली भाषा नबिग्रने उनी बताउँछन् । नेपाली विषय नपढेको भए पनि रुचि भएकाहरू नेपाली भाषा साहित्यमा अब्बल रहेको भन्दै विभाग प्रमुख प्रा.डा. लुईंटेल भन्छन्, 'तल्लो तहमा नेपाली पढेकाले मात्रै नेपाली भाषाको वृद्धि, समृद्धि गर्न सक्छ भन्ने कुतर्क हो ।'

एक जना मात्रै विद्यार्थीको लागि भए पनि समय अनुसार नीतिनियम परिवर्तन गर्नुपर्ने र शैक्षिक गुणस्तर वृद्धि गर्दै जाने उनले बताए । यद्यपि सबैले पढ्न पाउने भएपछि विद्यार्थी संख्या बढ्नु स्वाभाविक हुने विभाग प्रमुख प्रा.डा. लुईंटेल भनाइ छ ।

अंग्रेजी विभाग प्रमुख प्रा.डा. जीवलाल सापकोटा पनि अंग्रेजी विषयमा स्नातकोत्तर पढ्न आवश्यक योग्यतामा परिमार्जन गर्नुपर्ने महसुस धेरै वर्ष अगाडि नै भएको बताउँछन् ।

उनका अनुसार २०७६ सालमै अंग्रेजी विषयको समितिले निर्णय गरेर पठाएको थियो, तर प्राज्ञिक परिषद्मा अंग्रेजी नै नपढेका विद्यार्थीलाई स्नातकोत्तरमा अंग्रेजी साहित्यको आधारभूत ज्ञान दिन नसकिने भन्दै निर्णय गर्न मानेन ।

त्यसैले अन्य विषयबाट अंग्रेजी विषयमा स्नातकोत्तरमा भर्ना भएका विद्यार्थीको लागि 'ब्रिज कोर्स' को रूपमा पहिलो सेमेस्टरमा ३२ घण्टाको नन क्रेडिट कोर्स पढाउनुपर्ने व्यवस्था गरिएको थियो ।

विभाग प्रमुख प्रा.डा. सापकोटाले अघि भने, 'विभिन्न क्षेत्रमा विशेषज्ञता हासिल गरेकाहरूले मापदण्डका कारण पढ्न नपाएको गुनासो गर्नुभएकाले पनि यो निर्णय गरिएको छ ।

# यो वर्ष सरकारले ५ लाख क्विन्टल धान किन्दै

काठमाडौं/सरकारले यो वर्ष ५ लाख क्विन्टल धान किन्ने भएको छ । सरकारी खाद्यान्न भण्डारणमा पर्यप्त मात्रामा धान चामलको जोहो गर्न र किसानलाई उचित मूल्यको प्रत्याभूती गर्न धान खरिदलाई तीब्रता दिइएको खाद्य व्यवस्था तथा व्यापार कम्पनीले जनाएको छ । कम्पनीले यस वर्ष एक अर्ब ७४ करोड १३ लाख २० हजार रुपैयाँको ५ लाख क्विन्टल धान खरिद गर्न सुरु गरेको कम्पनीका प्रमुख कार्यकारी अधिकृत मोहन चन्दले जानकारी दिए ।

'हामीले धान खरिद सुरु गरिसकेका छौं,' चन्दले भने, 'एक अर्ब ७४ करोड १३ लाख २० हजार रुपैयाँको ५ लाख क्विन्टल धान खरिद गर्दैछौं ।' गत वर्ष ढिलो धान खरिद गर्दा आलोचना भएपछि यस वर्ष बेलैमा धान खरिद गर्न थालेको र धान खरिदको परिमाण तथा सरकारी रकम पनि बढाइको कम्पनीले जनाएको छ ।

यस वर्ष दशैं लगत्तै प्रक्रिया सुरु गरेर सुदूरपश्चिमबाट धान खरिद सुरु गरेको कम्पनीले जनाएको छ । हाल महेन्द्रनगर, धनगढी राजापुरबाट धान खरिद भइरहेको कम्पनीको भनाइ छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**PrinterShop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**हेटौंडा उपमहानगरपालिका**
**१० नं वडा कार्यालयको सूचना**

बालश्रम बालविकासमा असर पार्ने शोषणजन्य कार्य हो । बालश्रमले बालबालिकाको वृद्धि र विकासमा गम्भीर असर पार्ने गर्दछ । यसको अन्तका लागि सरोकारहरुले गम्भीर भएर सोच्नु जरुरी छ ।

फूर्वा दोर्जे तामाङ
(वडा अध्यक्ष) तथा
**१० नं. वडा कार्यालय परिवार**

**हार्दिक समवेदना**



जन्म: १९९९-०६-१६

स्वर्गारोहण: २०८०-०८-०२

स्व. राम बहादुर थिङ

यस सार्वजनिक मकवानपुर यातायात प्रा.लि.का व्यवसायी सदस्य श्री फुलमाया थिङको ससुराबुवा **राम बहादुर थिङ**को मिति २०८०।०८।०२ गते स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै धर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामना गर्दछौं ।

ज्ञानेन्द्र बहादुर कार्की (अध्यक्ष) एवम्
**सार्वजनिक मकवानपुर यातायात प्रा.लि., परिवार**

### निमाविं तह लाइसेन्स परीक्षा

# बागमतीबाट परीक्षा दिने साढे १७ हजार, २ जना पास

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ शिक्षक सेवा आयोगले गत १८ कात्तिकमा लिएको निमावि तह लाइसेन्स परीक्षाको नतिजा प्रकाशित गरेको छ । परीक्षामा बागमती प्रदेशबाट २ हजार २ जना पास भएका छन् । बागमतीबाट १७ हजार ६ सय ५१ जनाले परीक्षा दिएका थिए ।

यो परीक्षामा देशभरबाट १ लाख ५१ हजार १२ परीक्षार्थी सहभागी भएका थिए । यी मध्ये १३ हजार ७ जनाले परीक्षा पास गरेका छन् । कोशी प्रदेशबाट २४ हजार ३९ जना परीक्षामा सहभागी भएकोमा २ हजार १३० जना उत्तीर्ण भएका छन् । मधेस प्रदेशबाट २२ हजार ८५५ परीक्षार्थीले परीक्षा दिएकोमा १ हजार ६१४ जना उत्तीर्ण भएका छन् । गण्डकी प्रदेशमा ११ हजार ८९७ जनाले परीक्षा दिएकोमा १ हजार १५२ जना उत्तीर्ण भएका छन् । लुम्बिनी प्रदेशमा २९ हजार २३० जनाले परीक्षा दिएका थिए । जसमा २ हजार ८६३ जना उत्तीर्ण भएका छन् ।

कर्णाली प्रदेशबाट २४ हजार १५४ जनाले परीक्षा दिएका थिए । जसमा १ हजार ५७४ जना उत्तीर्ण भएका छन् । सुदूरपश्चिम प्रदेशमा २१ हजार १८६ जनाले परीक्षा दिएका थिए । जसमा १ हजार ६७२ जना उत्तीर्ण भएका थिए । आयोगले तोकेको परीक्षा केन्द्र बाहेक अन्य परीक्षा केन्द्रबाट परीक्षा दिएका, परीक्षा केन्द्रबाट कैफियत जनाई रद्द गर्ने भनी उल्लेख गरी आएका र परीक्षाको मर्यादा विपरीत कार्य गर्ने उम्मेदवारको परीक्षा रद्द गरेको थियो ।

सार्वजनिक गरिएको नतिजा आयोगको वेबसाइटसँगै एसएमएसबाट समेत हेर्न सकिने आयोगले जनाएको छ ।

परीक्षामा उत्तीर्ण हुने उम्मेदवारको अनलाइन फाराम भर्दा आफ्नो नाम थर, बाबुको नाम, नागरिकता नम्बर र स्थायी ठेगाना फरक परेको भएमा मंसिर २७ गतेभित्र सच्याउन सकिने जनाइएको छ । अध्यापन अनुमतिपत्रमा आफ्नो विवरण फरक परेमा नतिजा प्रकाशन भएको एक वर्षभित्र सच्याई सक्नुपर्ने आयोगले जनाएको छ । त्यसपछि भने विवरण सच्याउन नपाइने आयोगको भनाई छ ।

परीक्षामा उत्तीर्ण उम्मेदवारको अध्यापन अनुमतिपत्र वितरण कार्य परीक्षामा सहभागी भएकै जिल्लाको शिक्षा विकास समन्वय इकाइबाट हुने जनाइएको छ । सार्वजनिक गरिएको नतिजा आयोगको वेबसाइटसँगै एसएमएसबाट समेत हेर्न सकिने बताइएको छ ।

# व्यक्तिगत घटना दर्ता सम्बन्धी सुचना

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं र गराऔं ।

**जन्म दर्ता किन गर्ने ?**



- बालबालिकालाई स्कुल भर्ना गर्न
- नागरिकता र पासपोर्ट बनाउन
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न
- राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गर्न

**हेटौंडा उपमहानगर**
**५ नं. वडा कार्यालय**
**पिप्ले, हेटौंडा, मकवानपुर**

# व्यक्तिगत घटना दर्ता सम्बन्धी सुचना

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं र गराऔं ।

**जन्म दर्ता किन गर्ने ?**



- बालबालिकालाई स्कुल भर्ना गर्न
- नागरिकता र पासपोर्ट बनाउन
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न
- राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गर्न

**हेटौंडा उपमहानगर**
**१७ नं. वडा कार्यालय**
**हटिया, हेटौंडा, मकवानपुर**

# सरकारप्रतिको आक्रोश राजनीतिक प्रणालीविरुद्ध प्रयोग: बर्तौला

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ मकवानपुर क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य तथा नेकपा एमाले सचेतक महेशकुमार बर्तौलाले सरकारप्रतिको आक्रोश वर्तमान र ाजनीतिक प्रणालीविरुद्ध प्रयोग भएको बताएका छन् ।

बर्तौलाले सरकारप्रतिको निराशा र आक्रोशलाई व्यवस्था विरोधी अभियानमा संगठित गर्न खोजिएको बताएका हुन् । संघीय संसदमा पत्रकारहरुसँग कुरा गर्दै उनले सरकार विकास, समृद्धि, सुशासन र सामाजिक न्यायको पथमा हिँड्न नसक्दा नागरिकमा निराशा र आक्रोश बढेको बताएका हुन् । जनतामा सरकार प्रति निराशा र आक्रोश भएको भन्दै उनले सोही निराशा र आक्रोशलाई वर्तमान राजनीतिक प्रणालीविरुद्ध प्रयोग गर्न खोजिएको बताए ।

उनले आक्रोशित समुदायलाई व्यवस्था विरोधी बनाउन र शासकीय प्रवन्धहरुलाई कमजोर बनाउन संगठित गर्न खोजिएको भन्दै त्यो कुरा दिवासपना मात्रै हुने बताए । उनले व्यवस्था र संविधानविरुद्धमा हुने गतिविधिलाई निस्तेज पारिने पनि बताए । सचेतक बर्तौलाले व्यवस्था विरोधी स्वर सुनिन थाल्दा पनि सरकारले कुनै प्रतिक्रिया नदिएको उनको भनाइ छ । उनले गणतन्त्रको विकल्प नभएको बताए ।

सचेतक बर्तौलाले ठूला राजनीतिक दलहरु मौन बस्दा सरकारले फेरि पनि अस्थिरता, अन्योलता र अराजकताको खेती गरेको हो कि ? भन्ने आशंका उब्जिएको बताए । उनले वर्तमान राजनीतिक व्यवस्था नढल्ने भए पनि नेतृत्वले कार्यशैलीमा भने परिवर्तन गर्नु आवश्यक रहेको बताए ।

# ५२ बिगाहामा लगाइएको गाँजा खेती फडानी

साझाकुरा संवाददाता

हेटौंडा, १३ मंसिर/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले राक्सिराङ र कैलाश गाउँपालिकामा लगाइएको लागूऔषध गाँजाखेती फँडानी गरेको छ ।

प्रहरीटोली परिचालन गरी राक्सिराङ र कैलाश गाउँपालिकाको विभिन्न स्थानमा लगाइएको ५२ बिगाहा ५ कट्ठा गाँजाखेती नष्ट गरेको मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । उनका अनुसार राक्सिराङ गाउँपालिका र कैलाश गाउँपालिकाको विभिन्न वडामा लगाइएको गाँजाखेती नष्ट गर्नको लागि आइतबारबाट १ सयजना प्रहरीटोली परिचालन गरिएको थियो । प्रहरीटोलीले सोमबार राक्सिराङ गाउँपालिका-७ स्थित एम्रोख, चैतटार, खर्लिङ, डुमरिया र चुहाना एरियामा लगाइएको ३३ बिगाहा ५ कट्ठा गाँजाखेती फँडानी गरेको प्रहरी नायवउपरीक्षक भण्डारीले बताए । यसैगरी, सोही टोलीले जिल्लाको कैलाश गाउँपालिका-१ स्थित धरापडाँडा, डाँडाखर्कलगायत एरियामा लगाइएको १९ बिगाहा गाँजा फँडानी गरेको उनले बताए ।

# कृषि प्रशिक्षक आवश्यकता

प्रस्तुत विषयमा यस विद्यालयको लागि मा. वि. तह कृषि (बाली विज्ञान) विषय अध्यापनका लागि तपसिलमा उल्लेखित योग्यता पुगेका प्रशिक्षकको आवश्यकता परेको र सो को पदपूर्तिका लागि थाहा नगर शिक्षा शाखा, थाहा नगरपालिका, ईन्द्रायणीचौर, मकवानपुरको मिति २०८०/०८/१२ को च.नं. १२८५ को प्राप्त पत्रानुसार थाहा न.पा. बाट उक्त पदमा अन्य व्यवस्था भई आएमा स्वत: हट्ने गरी बढीमा एक शैक्षिक सत्रको लागि करारमा प्रशिक्षक (कृषि बाली विज्ञान) पदपूर्ति गर्न अनुमति प्राप्त भएकोले १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको निम्नानुसार योग्यता पुगेका नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र विद्यालयमा हस्त लिखित आवेदन दिनुहुन दरखास्त आव्हान गरिन्छ ।

**तपसिल**

पद : प्रशिक्षक (कृषि तर्फ बाली विज्ञान प्रशिक्षक). -१
तह : मा.वि. तृतीय, (करार)
शिक्षकको किसिम : करार शिक्षक
सेवा सुविधा : नेपाल सरकारको प्रचलित नियमानुसार
**शैक्षिक योग्यता:** कृषि बाली विज्ञान विषयमा स्नातक तह उतीर्ण
दरखास्त दिने अन्तिम मिति : २०८० मंसिर २७ गते सम्म (कार्यालय खुल्ने समय भित्र)
दरखास्त दस्तुर : रु. १५००।- (एक हजार पाँच सय रुपैया मात्र)
सम्पर्क मिति : २०८० मंसिर २८ गते ।
परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ ।

**संलग्न गर्नुपर्ने कागजातहरु :**


१) शैक्षिक योग्यताको प्रमाण-पत्र प्रतिलिपि २/२ प्रति
२) नागरिकता प्रमाण पत्रको प्रतिलिपि २ प्रति
३) हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ थान
४) अनुभव भए सो को प्रतिलिपि

थप जानकारीको लागि विद्यालयमा सम्पर्क राख्नुहोला ।
सम्पर्क फोन नं.: ९८५५०१३६९५, ९८५५०६७६९५

सानोभाई कार्की (प्रधानाध्यापक)
**श्री जनकल्याण माध्यमिक विद्यालय**
थाहा नगरपालिका-३, मकवानपुर

## जय शिव शम्भो

# धार्मिक यात्रामा जाने हो ?



**मथुरा, वृन्दावनको लागि २०८० मंसिर १४ गते रिजर्भ बस खुल्दैछ**

*(दर्शनीय स्थानहरु: राम जन्मभूमि अयोध्या, नैमिसारण्य, मथुरा, वृन्दावन, गोकुल, गोवर्धन, नन्दगाउँ, वर्सानाहुँदै ८ देखि ९ दिनमा नेपाल आइपुगिनेछ ।)*


भाडा प्रतियात्रु ने.रु. १६,०००।- लाग्नेछ ।
(विहान बेलुकाको खानासहित)

*(नोट: रिक्सा, टाँगा, धर्मशाला अन्य खर्च यात्रु स्वयम्ले व्यहोर्नु पर्नेछ ।)*

**सम्पर्क:**
**गोपाल थापा**
**हेटौंडा बसपार्क**
**९८४५२९७६८१**

# प्रादेशिक संरचना निर्माणको काम सुरु गर्छौं: मुख्यमन्त्री

साझाकुरा संवाददाता



हेटौंडा, १३ मंसिर/ हेटौंडामा जग्गाको भोगाधिकार नपाउँदा दुई वर्षदेखि रोकिएको प्रादेशिक संरचना निर्माण कार्य अगाडि बढाउने बागमतीका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रतिबद्धता जनाएका छन् ।

जम्कट्टेलले प्रदेश संरचना निर्माणको काम चालु आर्थिक वर्षबाटै सुरु गरिने बताए । विभिन्न कारणले जग्गा प्राप्ति कार्य हुन नसक्दा अघि बढ्न नसकेको प्रादेशिक संरचना निर्माणको काम चालु आर्थिक वर्षबाटै सुरु गरिने उनको दावी छ । हेटौंडाको १७ र १८ नम्बर वडामा रहेको डीपोचौर लगायतका सार्वजनिक जग्गालाई प्राथमिकतामा राखेर अघिल्लो मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डे नेतृत्वको प्रदेश सरकारले जग्गा भोगाधिकारको लागि संघीय सरकारमा फाइल पठाएको थियो । जग्गा सम्बन्धी फाइल अड्किएको छ । हालसम्म संघीय सरकारले जग्गा भोगाधिकारको कुनै निर्णय नगरेकाले काम अगाडि बढ्न सकेको छैन ।

भाडाको घरमा बस्दै आएको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय बुधवार आफ्नै सरकारी भवनमा स्थानान्तरण हुँदा भवन उद्घाटन गर्दै मुख्यमन्त्री जम्कट्टेलले संघीयता पछि निर्माण भएको तीन तहको सरकारमध्ये प्रदेश सरकार नयाँ संरचना भएकाले केही प्रक्रियागत समस्याका कारण सोचेजस्तो कार्यप्रगति प्राप्त हुन नसकेको बताए । उनका अनुसार यसै महिनामा जग्गा प्राप्तिको प्रक्रिया पुरा हुने र प्रदेश सरकारको नाममा भोगाधिकारका प्राप्त हुनेछ । जग्गा प्राप्त भएसँगै प्रदेश सरकारको विभिन्न कार्यालयहरु निर्माणको काम सुरु गरिने उनको भनाई छ ।

प्रदेश सरकारले प्रशासनिक खर्च कटौतीका लागि भाडाका घरहरुमा कार्यालयहरु नराख्ने निर्णय गरेकाले छिट्टै नै सबै निकायलाई सरकारी भवनमा स्थानान्तरण गरिने मुख्यमन्त्री जम्कट्टेलको भनाई छ । हाल भाडाको घरबाट सेवा प्रवाह गर्दै आएका संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय, मुख्य महान्यायाधिवक्ता कार्यालय, प्रदेश नीति तथा योजना आयोग र प्रदेश सरकार मातहतका बोर्डहरुलाई सरकारी स्वामित्वका भवनलाई व्यवस्थित बनाएर स्थानान्तरण गरिने उनले बताए । प्रदेश सरकार विगतको विकासका मोडलाई परिवर्तन गरेर नयाँ मोडल अपनाउने रणनीतिका साथ अघि बढेको जम्कट्टेलको दाबी छ ।

यसैगरी, भवन उद्घाटनाको क्रममा बागमती प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामाले रोजगारी सिर्जना गर्न उद्योगमा लगानी गर्नुपर्नेमा जोड दिए । उनले उत्पादनमा बागमती प्रदेश कमजोर रहेको बताउँदै लगानीकर्तालाई उत्साह थप्नेगरी उद्योग स्थापना गर्न शान्तिसुरक्षासहितको व्यवस्था मिलाउनुपर्नेमा जोड दिए । विगतमा प्रदेश सरकारले उद्योग, व्यापार र व्यवसायलाई प्राथमिकतामा राख्न नसकेको स्वीकार गर्दै मन्त्री लामाले अब उच्च प्राथमिकतामा राखेर आर्थिक विकासमा लाग्नुपर्ने बताए ।

बागमती प्रदेशका उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्री रामकृष्ण चित्रकारले राजनीतिक व्यवस्था परिवर्तन भए पनि यो व्यवस्थासँगै आएका आर्थिक सामाजिक रुपान्तरणका विषयहरु परिवर्तन हुन नसकेको बताए । उनले राजनीतिक रुपमा व्यवस्था परिवर्तन भए पनि नागरिकहरुको अवस्था परिवर्तन हुन नसकेको बताए । जनआन्दोलन र संघीयतापछि राज्यको सेवा प्रवाह र विकासका काम नागरिकलाई महशुस हुने गरी गर्नुपर्ने भए पनि सरकार त्यसमा चुकेको उनको भनाई छ ।

# श्रृंखला र सम्भव लगनगाँठो कस्दै छन् ?

हेटौंडा, १३ मंसिर/ पूर्वमिस नेपाल श्रृंखला खतिवडा विवाहबन्धनमा बाँधिने भएकी छन् । प्रेमी सम्भव सिरोहियासँग यही मंसिर २८ गते उनले लगनगाँठो कस्ने तय भएको छ । सिरोहिया कान्तिपुर मिडिया ग्रुपका प्रबन्ध निर्देशक हुन् ।

एक वर्षभन्दा बढी समयदेखि श्रृंखला र सम्भव प्रेम सम्बन्धमा थिए । श्रृंखलाले करिब दुई महिना अगाडि मात्रै सम्भवसँग अफेयरको सार्वजनिक स्वीकारोक्ति गरेकी थिइन् । विवाहको विषयमा भने अहिलेसम्म दुवैले कुनै जानकारी दिएका छैनन् । श्रृंखला र सम्भवको विवाह हायात होटलमा हुने निकटस्थ स्रोतले जानकारी दिएको छ ।

विवाहको पार्टी पनि हायात होटलमा पुस १ गते राखिएको बुझिएको छ । अहिले दुवैपक्षको परिवार विवाहको तयारीमा व्यस्त छन् । श्रृंखला नेकपा एकीकृत समाजवादीका नेता विरोध खतिवडाकी छोरी हुन् । उनी सन् २०१८ मा मिस नेपाल भएकी थिइन् भने सोही वर्ष मिस वर्ल्डमा भाग लिएर ब्यूटी विथ पर्पस अवार्ड जितेकी थिइन् ।

**हेटौंडा उपमहानगरपालिका**
# नगर कार्यपालिकाको कार्यालय
**हेटौंडा, मकवानपुर**
**बागमतीप्रदेश, नेपाल**

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति: २०८०/०८/१४*

हेटौडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको लागि आवश्यक रहेको तपसिल बमोजिमको पदमा हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिका कार्यालयको मिति २०८०/०८/१३ गतेको निर्णयानुसार प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा नियुक्ति गरी कार्य गराउनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजात र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | पद/तह | संख्या |
|---|---|---|---|
| १ | १०/०८०/८१ | पशु चिकत्सक/अधिकृतस्तर छैटौं सरह | १ (एक) |
| २ | ११/०८०/८१ | वित्तीय साक्षरता सहजकर्ता/सहायकस्तर पाँचौ सरह | १ (एक) |

**१) आवश्यक न्यूनतम शैक्षिक योग्यता :-**

क) पशु चिकित्सक पदको लागि : मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट पशु चिकत्सा विषयमा B.Vsc. & A.H./B.V.sc. वा सो सरहको स्नातक तह उत्तीर्णं नेपाल पशु चिकित्सा परिषद्मा दर्तावाला पशु चिकित्सक हुनु पर्नेछ ।

ख) वित्तीय साक्षरता सहजकर्ता पदको लागि : मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा १०२ उत्तीर्ण, प्रौढ शिक्षा वा बयस्क साक्षरता वा अध्यापनमा २ वर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।

२) उमेर दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
३) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।
४) दरखास्त दिने स्थान :- हेटौडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय ।
५) दरखास्त दिने अन्तिम मिति: २०८० साल मंसिर महिना २८ गते
(उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट)
६) आवेदन दस्तुर:- पशु चिकित्सक पदको लागि रु.१००० (एक हजार मात्र) तथा वित्तीय साक्षरता सहजकर्ता पदको लागि रु.५०० (पाँच सय मात्र) यस कार्यालयको राजश्व शाखामा नगद बुझाइ पेश गर्नु पर्ने ।
७) छनोटको किसिम :- लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता
८) प्राथमिकता: सम्बन्धित स्थानीय तह तथा क्षेत्रमा काम गरेकाहरुको लागि प्राथमिकता दिइनेछ ।
९) आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु :- आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

नेपाली नगरिकता — न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र
चारित्रिक प्रमाण पत्र — तालिमको प्रमाणपत्र
कार्य अनुभव भए सो को कागजात

१०) सेवा सुविधा तथा कार्य अवधी :- करार सम्झौतामा उल्लेख भए बमोजिम ।
१९) कार्यविवरण:- पशु चिकित्सकको हकमा स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८० ले तोके बमोजिम र वित्तीय साक्षरता सहजकर्ताको हकमा सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९ बमोजिम तथा सम्बन्धित सेवाको पत्रले गर्ने गरी तोकिएका अन्य कार्यहरु
१२. काम गर्नु पर्ने स्थान :- हेटौंडा उपमहानगरपालिकाको कार्यालय र आवश्यकता अनुसार १९ वटै वडाहरु ।
१६. परीक्षा मिति, समय र स्थान पछि सूचना प्रकाशित गरी जानकारी गराइनेछ ।
१४. उल्लेखित पत्रको लागि आवेदनको ढाँचा तथा अन्य विवरण कार्यालयको वेवसाइट www.hetaudamun.gov.np बाट उपलब्ध हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**
**हेटौंडा उपमहानगरपालिका**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना